फोन नं. (Tel. No.): ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

"सबल, सक्षम, सुशासनयुक्त विकासमुखी स्थानीय सरकार"

# कागेश्वरी मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

## नगरस्तरीय शिक्षक छनौट समिति

### निम्न माध्यमिक तहको विज्ञान शिक्षक आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशन मिति २०८०/११/०६

**विज्ञापन नं.: ०१/०८०।०८१**

यस नगरपालिकाको मिति २०८०/११/०६ गतेको निर्णयानुसार यस नगरपालिका अन्तर्गतको कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १ स्थित मणिलिङ्गेश्वर आधारभूत विद्यालयको लागि खुला प्रतियोगितात्मक परीक्षाद्वारा नगर स्रोततर्फको निम्न माध्यमिक तह, तृतीय श्रेणीको विज्ञान विषयको शिक्षक पदमा यही २०८१ असार मसान्तसम्मको लागि (कार्य सम्पादनस्तर उच्च रहेमा करार अवधि थप गर्न सकिने) करारमा नियुक्त गर्नको देहायको योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले यो सूचना प्रकाशन भएको १५ दिनभित्र (२०८०/११/२१ गतेभित्र) दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

१. पद : निम्न माध्यमिक शिक्षक
२. विषय : विज्ञान
३. किसिम : नगरपालिकाको आन्तरिक स्रोततर्फ करार (अस्थायी)।
४. आवश्यक संख्या : १ (एक)
५. परीक्षाको किसिम : लिखित, अन्तर्वार्ता। अभ्यास शिक्षणसमेत लिन सकिनेछ।
६. परीक्षा दस्तुर : १,०००।- (एक हजार रुपैया मात्र)।
७. न्यूनतम शैक्षिक योग्यता : विज्ञान मूल विषय लिइ कक्षा १२ वा सो सरह उत्तीर्ण भइ निम्न माध्यमिक तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको।
८. नेपाली नागरिक हुनुपर्ने।
९. नियुक्तिको किसिम : करार/अस्थायी (आगामी २०८१ साल असार मसान्त सम्मको लागि) कार्य सम्पादन उच्च भएमा करार अवधि थप गर्न सकिनेछ।
१०. उमेर : दरखास्त बुझाउने अन्तिम दिन १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
११. तलब स्केल : नेपाल सरकारको नियमानुसार नगरपालिकाको आन्तरिक स्रोतबाट उपलब्ध गराइनेछ।
१२. विद्यालयको आवश्यकताअनुसार आफ्नो शैक्षिक योग्यता अनुसारका अन्य विषयसमेत शिक्षण (अध्यापन) गर्नुपर्नेछ।
१३. पेश गर्नुपर्ने कागजातहरू :
   क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
   ख) विज्ञान मूल विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्याताका प्रमाणपत्रका प्रतिलिपि।
   ग) एस.एल.सी वा सो सरह उत्तीर्ण गरेका प्रमाणपत्रका प्रतिलिपि।
   घ) निम्न माध्यमिक तहको अध्यापन अनुमति पत्रको प्रतिलिपि।
   ङ) माथिल्ला शैक्षिक योग्यता भए सोका प्रतिलिपि।
   च) अनुभव तथा अन्य कुनै तालिम लिएको भए सोका प्रतिलिपि।
   छ) परीक्षा दस्तुर वापतको रु १,०००/- (एक हजार रुपैया मात्र) नगरपालिकामा बुझाएको रसीद।
   ज) शिक्षक सेवा आयोगको विज्ञान विषयको निम्न माध्यमिक तहको वैकल्पिक सूचीमा रहेको भए सोको प्रमाण।
१४. दरखास्त बुझाउने अन्तिम मिति र स्थान : २०८०/११/२१ गते अपरान्ह ५ बजेसम्ममा यस नगरपालिकाको शिक्षा तथा खेलकुद शाखा, थली, काठमाडौंमा।
१५. सम्पर्क मिति : २०८०/११/२२ गते दिनको ३.०० बजे यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा, थली, काठमाडौंमा।
१६. तोकिएको मितिभित्र प्राप्त दरखास्तमध्ये शिक्षक सेवा आयोगको करार सूचीमा परेका उम्मेद्वारबाट दरखास्त प्राप्त भएमा त्यस्ता उम्मेद्वारहरूमध्ये माथिल्लो योग्यताक्रमका उम्मेद्वारलाई सिधै करार नियुक्ति गरिनेछ। अन्य उम्मेद्वारले बुझाएको आवेदन दस्तुर फिर्ता दिइनेछ।

(टेकेन्द्रप्रसाद ढकाल)
सदस्य सचिव